नेपाल सरकार
शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय
शिक्षा विभाग
# शिक्षा विकास तथा समन्वय एकाइ
कास्की

पत्र संख्या : २०८३।०८४
चलानी नं ४८२

२०७५

मिति:२०८३।०६।०२
ने.सं ११४६

विषय: विद्यार्थी सत्यापन सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु
कास्की ।

प्रस्तुत विषयमा शिक्षा विभाग सानोठिमी भक्तपुरको च.नं २०८३।०६।०२ को प्राप्त पत्रानुसार **IEMIS** मा भएको विद्यार्थीको कक्षागत विवरण र विद्यालयको कक्षा कोठामा उपस्थित विद्यार्थी फरक रहेको कारण धेरै विद्यालयहरुमा आर्थिक अनियमितता भएको भनी विभिन्न सञ्चार माध्यम तथा अन्य माध्यमबाट गुनासा र उजुरीहरु केन्द्रमा प्राप्त भएको सन्दर्भमा विद्यार्थी विवरण गलत राखिनु कानुनी रुपमा समेत दण्डनिय रहेको तथा यसका लागि **प्रधानाध्यापक , फोकल पर्सन र लेखा सम्बन्धि काम गर्ने शिक्षक /कर्मचारी नै प्रमुख जिम्मेवार** हुने हुँदा विद्यालयका वास्तविक विद्यार्थीको विवरण मिति २०८३ आश्विन मसान्त सम्ममा निम्नानुसार अद्यावधिक गर्नु हुन भनी अनुरोध भइ आएकाले तपसिल अनुसार अद्यावधिक गर्नु हुन अनुरोध छ ।

तपसिल

( क) विद्यालयको कक्षा कोठामा उपस्थित विद्यार्थी र **IEMIS** मा भएको कक्षागत विद्यार्थी विवरण फरक फरक रहेमा विद्यालयमा नियमित अध्ययनरत रहेका विद्यार्थीको मात्र विवरण कायम राखी अन्य विद्यार्थी **IEMIS** बाट **NOT IN SCHOOL** गरी हटाउने ।

( ख) विद्यालयको कक्षाकोठामा नियमित उपस्थित रहेका विद्यार्थीको अभिलेख **IEMIS** मा नरहेको भएमा उक्त विद्यार्थीको अभिलेख **IEMIS** मा अद्यावधिक गर्ने ।

( ग) हाल कक्षा ९ मा भर्नुपर्ने रजिष्ट्रेशन फाराम **IEMIS** मा नै भर्ने गरी तयारी भइरहेकाले विद्यार्थी विवरण ( नाम र जन्ममिति) पछिसम्म फरक नपर्ने गरी अद्यावधिक गर्नु हुन ।

लोकनाथ आचार्य
एकाइ प्रमुख ( उपसचिव)

बोधार्थ
श्री शिक्षा विभाग सानोठिमी भक्तपुर ।
श्री जिल्ला स्थित ५ वटै स्थानीय तहहरु कास्की – सबै विद्यालयहरुलाइ विवरण रुजु र अद्यावधिक कार्यमा सहजीकरण गरिदिनु हुन ।

पुनश्च: विद्यालयको **IEMIS** मा अद्यावधिक भएका विद्यार्थी संख्या लगायतका विवरण सबैले हेर्न मिल्नेगरी **emis.cehrd.gov.np** मा **Data portal** मा राखिएको छ ।

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**शिक्षा विभाग**
सानोठिमी, भक्तपुर

प.सं.: ०८३।८४ (अनुगमन शाखा)
च.नं.: ६०

मितिः२०८३।०६।०२

विषयः विद्यार्थी सत्यापन सम्बन्धमा ।

श्री सामुदायिक विद्यालय,
सबै ।

सबै सामुदायिक विद्यालयहरूबाट विद्यालयमा भर्ना भई अध्ययनरत रहेका विद्यार्थीहरूको विवरण IEMIS मा अद्यावधिक गर्नुपर्ने अनिवार्य व्यवस्था रहेको छ । IEMIS मा रहेको विद्यार्थी विवरणका आधारमा विद्यालयहरूले प्राप्त गर्ने दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक, प्रति विद्यार्थी लागत अनुदान लगायतका विभिन्न शीर्षकमा अनुदान रकम स्थानीय तहमा माग गर्ने र सोही बमोजिम स्थानीय तहबाट अनुदान रकम विद्यालयमा पठाउने व्यवस्था हुँदै आएको छ ।

यस सम्बन्धमा IEMIS मा भएको विद्यार्थीको कक्षागत विवरण र विद्यालयको कक्षा कोठामा उपस्थित विद्यार्थी फरक रहेको कारण धेरै विद्यालयहरूमा आर्थिक अनियमितता भएको भनी विभिन्न सञ्चार माध्यम तथा अन्य माध्यमबाट गुनासा र उजुरीहरु प्राप्त भएका छन् । विद्यार्थी विवरण गलत राखिनु कानुनीरुपमा समेत दण्डनीय रहेको तथा यसका लागि प्रधानाध्यापक, IEMIS फोकल पर्सन र लेखासम्बन्धी काम गर्ने शिक्षक/कर्मचारी नै प्रमुख जिम्मेवार हुने हुँदा विद्यालयका वास्तविक विद्यार्थीको विवरण मिति २०८३ आश्विन मसान्त सम्ममा निम्नानुसार अद्यावधिक गर्नुहुन मिति २०८३।०६।०२ को निर्णयानुसार अनुरोध छ ।

(क) विद्यालयको कक्षा कोठामा उपस्थित विद्यार्थी र IEMIS मा भएको कक्षागत विद्यार्थी विवरण फरक रहेमा विद्यालयमा नियमित अध्ययनरत रहेका विद्यार्थीको मात्र विवरण कायम राखी अन्य विद्यार्थी IEMIS बाट not in school गरी हटाउने ।

(ख) विद्यालयको कक्षा कोठामा नियमित उपस्थित रहेका विद्यार्थीको अभिलेख IEMIS मा नरहेको भएमा उक्त विद्यार्थीको अभिलेख IEMIS मा अद्यावधिक गर्ने ।

भक्तबहादुर गोदार
(निर्देशक)

<u>बोधार्थः</u>

श्री स्थानीय तह सबै – कार्यक्रम कार्यान्वयन कार्यविधि तथा यस विभागको मिति २०८३।०४।२० को पत्रानुसार विद्यार्थी विवरण सत्यापन गरेर मात्र अनुदान निकासा गर्ने व्यवस्था हुन ।

श्री शिक्षा विकास तथा समन्वय एकाइ सबै – स्थानीय तहसँगको समन्वयमा अनुगमन गरी तथ्याङ्क सत्यापनमा सहयोग गर्नुहुन ।

***नोटः विद्यालयको IEMIS मा अध्यावधिक भएका विद्यार्थी सङ्ख्या लगायतका विवरण सबैले हेर्न मिल्ने गरी emis.cehrd.gov.np मा Data portal मा राखिएकोछ ।***

फोन : ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७४, ६६३३६२५, ६६३३०२८, ६६३१९७२, ६६३१९७३, ६६३३६२५
website: www.gov.np, E-mail:info@cehrd.gov.np, iemis@cehrd.gov.np, dgo@cehrd.gov.np